नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
कर प्रणाली सुधार शाखा

४४१५८०२
फोन नं. ४४१५८०३
४४१९७१९
४४१४५६४

फ्याक्स नं.: ४४११७८८
Website: www.ird.gov.np
लाजिम्पाट काठमाडौं,

**प.सं.** :२०७८/०७९

च.नं.

मिति २०७८/०५/१५

## भुक्तानी गर्दा स्रोतमा कर कट्टी गरी eTDS Return पेश गरी Verify उल्लेख गर्ने गराउने बारे अत्यन्त जरुरी सूचना

आयकर ऐन २०५८ को परिच्छेद १७ बमोजिम नेपालमा स्रोत भएका रोजगारीबाट प्राप्त आय, ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिसन, अवकाश भुक्तानी लगायत अन्य प्रतिफल वा रकम रकम भुक्तानी गर्दा तोकिए बमोजिम कर कट्टी गरी विद्युतीय माध्यमबाट eTDS Return पेश गरी Verify गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ। तर कतिपय सरकारी निकाय, सार्वजनिक निकाय, बैंक तथा वित्तीय संस्था, गैरसरकारी संस्था, निजी क्षेत्रका संघसंस्थाहरुले तोकिए बमोजिम कर कट्टी गरेको तर तोकिएको ढाँचामा eTDS Return पेश गरी Verify नगरिदिएको र कतिपय निकाय वा संस्थाहरुले eTDS Return पेश गरे तापनि सो eTDS Return मा सम्बन्धित करदाताको स्थायी लेखा नम्बर उल्लेख नगरी विवरण पेश गरेको कारणले सम्बन्धित करदाताहरुले आय विवरण पेश गर्दा उक्त TDS रकम दावी गर्न नसकेको भन्ने गुनासो आएको छ। यसले गर्दा आय विवरण पेश गर्न करदातालाई झन्झट सिर्जना भएको छ। तसर्थ माथि उल्लिखित शीर्षकहरुमा भुक्तानी गर्दा स्रोतमा कट्टी गरी दाखिला गरिएको करको विवरण, भुक्तानी गरिएको अवधि, राजस्व शीर्षक नम्बर, सम्बन्धित करदाताको स्थायी लेखा नम्बर आदि विवरणहरु समावेश गरी तोकिएको ढाँचामा eTDS Return पेश गरी Verify गर्नु गराउनु हुन सम्बन्धित सबै सरकारी निकाय, सार्वजनिक निकाय, बैंक तथा वित्तीय संस्था, गैरसरकारी संस्था, निजी क्षेत्रका संघसंस्थाहरुमा हार्दिक अनुरोध छ। यस सम्बन्धी थप जानकारीका लागि नजिकको आन्तरिक राजस्व कार्यालय, करदाता सेवा कार्यालयमा बुझ्न सकिने व्यहोरा समेत अनुरोध छ।